# स्थानीय तहमा खेलकुद पूर्वाधार निर्माण सम्बन्धी कार्यविधि, २०७५

स्वीकृत मिति: २०७५।०९।१३

पहिलो संशोधन: २०७८।०९।१६

**<u>प्रस्तावना</u>:** बालबालिका, युवा, वयस्क तथा प्रौढहरुको शारीरिक, मानसिक एवम् संवेगात्मक विकास तथा व्यवस्थापनका लागि खेलकुद अपरिहार्य रहेको र स्थानीय तहदेखि नै योजनाबद्ध रुपमा खेलाडीहरुको उत्पादन, विकास तथा व्यवस्थापनका लागि खेलकुद पूर्वाधारहरुको निर्माण गर्न आवश्यक देखिएकोले प्रत्येक स्थानीय तहमा दीर्घकालीन महत्वका एक/एक वटा खेलकुद पूर्वाधार निर्माण गर्न वाञ्चनीय भएकोले,

विनियोजन ऐन, २०७८ को दफा ९ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका कार्यविधि बनाएको छ।

## परिच्छेद-१

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यो कार्यविधिको नाम "स्थानीय तहमा खेलकुद पूर्वाधार निर्माण सम्बन्धी कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषा</u>** : विषय वा प्रसङ्गले अर्को नलागेमा यस कार्यविधिमा,-

(क) "खेलकुद पूर्वाधार" भन्नाले स्थानीय तहमा खेलग्रामका रुपमा विकास गर्न आवश्यक खेल विधा अनुसारका खेल मैदान (फुटबल मैदान, क्रिकेट मैदान, भलिबल मैदान आदि), कर्भडहल, ट्र्याक एन्ड फिल्ड, वाकिङ रुट/फुट ट्रेल, स्वीमिङ पुल, विचरण पार्क लगायतका खेलकुद पूर्वाधारलाई सम्झनु पर्छ।

(ख) "परिषद्" भन्नाले राष्ट्रिय खेलकुद परिषद्लाई सम्झनु पर्छ।

(ग) ...■

(घ) "मन्त्रालय" भन्नाले युवा तथा खेलकुद मन्त्रालयलाई सम्झनु पर्छ।

(ङ) ...■

(च) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकालाई सम्झनु पर्छ।

---

■ पहिलो संशोधनद्धारा झिकिएको (प्रदेश खेलकुद निकाय)।

■ पहिलो संशोधनद्धारा झिकिएको (समितिको कार्यालय)।

## परिच्छेद-२

## <u>स्थानीय तहमा खेलकुद पूर्वाधार निर्माण गर्न स्थल छनौट सम्बन्धी व्यवस्था</u>

३. **<u>खेलकुद पूर्वाधार स्थल छनौट</u>** : (१) खेलकुद पूर्वाधार निर्माण सम्बन्धी सार्वजनिक स्थलको छनौट सम्बन्धित निर्वाचन क्षेत्रका प्रदेश सभा सदस्य र संघीय संसदका सांसदहरु समेतको परामर्शमा स्थानीय तह स्वयंले गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम खेलकुद पूर्वाधार स्थलको छनौट गर्दा देहायका आधारहरुलाई प्राथमिकता दिनु पर्नेछः-

(क) खेलकुद पूर्वाधार स्थलको छनौट गर्दा सम्भव भएसम्म सबै वडालाई पायक पर्ने र <u>पूर्वाधार स्थलसम्म</u>📖 यातायात सुविधा भएको ।

(ख) खेलकुद पूर्वाधार स्थलको छनौट गर्दा वातावरणीय रुपले अनुकूल र प्राकृतिक विपद्को जोखिममुक्त स्थल ।

(ग) खेलकुद पूर्वाधार स्थल छनौट गर्दा खेलाडी, प्रशिक्षक तथा खेलकुद सम्बद्ध जनशक्तिको लागि आकस्मिक रुपमा हुने दुर्घटना र स्वास्थ्य समस्याको उपचार लगायतका सुविधा उपलब्ध भएको ।

(घ) खेलकुद पूर्वाधार स्थल स्थानीय तहको खेलकुद प्रतियोगिता र सम्भव भएसम्म जिल्ला स्तरीय खेलकुद प्रतियोगिताको आयोजना गर्न उपयुक्त भएको ।

(ङ) *खेलकुद पूर्वाधारको निर्माणका लागि उपत्यका, पहाड र हिमाली क्षेत्रमा सम्भव भएसम्म...■ २०* रोपनी जग्गा र तराई क्षेत्रमा ...■ २ विगाहा जग्गा एकै स्थानमा उपलब्ध भएको ।

(च) ...■

(छ) ...■

## परिच्छेद-३

## <u>अनुदान सम्बन्धी व्यवस्था</u>

४. **<u>खेलकुद पूर्वाधार स्थलको निर्माणको लागि अनुदान रकम उपलब्ध गराउने सम्बन्धी व्यवस्था</u>**:- (१) स्थानीय तहले खेलकुद पूर्वाधार स्थलको निर्माणका लागि <u>उपदफा (३) बमोजिम स्थानीय तहबाट</u>

---

📖 पहिलो संशोधनद्वारा थप।

* पहिलो संशोधनद्वारा संशोधित।

■ पहिलो संशोधनद्वारा झिकिएको (कम्तिमा)।

*पहिलो संशोधनद्वारा संशोधित।

■ पहिलो संशोधनद्वारा झिकिएको (कम्तिमा)।

■ पहिलो संशोधनद्वारा झिकिएको।

■ पहिलो संशोधनद्वारा झिकिएको।

व्यहोर्नु पर्ने रकम बाहेक[📖] मन्त्रालय वा परिषद्‌बाट बढीमा दुई करोड[*] रकम सशर्त अनुदानका रुपमा...[■] प्राप्त गर्न सक्नेछ ।

तर अनुदान रकम जग्गा खरिद गर्ने प्रयोजनका लागि खर्च गर्न सक्ने छैन ।

[*](२) निर्माण हुने खेलकुद पूर्वाधारको रकम मन्त्रालय वा परिषद्ले तोके बमोजिम हुनेछ।

[*](३) खेलकुद पूर्वाधार निर्माण गर्न प्रत्येक स्थानीय तहका लागि लागत अनुमानको आधारमा जम्मा दुइ करोडमा नबढने गरी महानगरपालिका/उपमहानगरपालिकामा ३० प्रतिशत सम्म, नगरपालिकामा ४० प्रतिशत सम्म र गाउँपालिकामा ५० प्रतिशत सम्म संघबाट अनुदान रकम उपलव्ध गराइने छ ।

[📖](३क) उपदफा (३) बमोजिम स्थानीय तहबाट व्यहोर्नु पर्ने रकम खेलकुद पूर्वाधारमा खर्च भएको नदेखिएमा त्यस्तो स्थानीय तहलाई मन्त्रालय वा परिषद्‌बाट दिइने अनुदान रकममा निरन्तरता दिन मन्त्रालय वा परिषद् बाध्य हुने छैन।

[📖](३ख) बजेट तर्जुमा गरिने वर्षमा नै आगामी आ.व.को खेल पूर्वाधार निर्माणका लागि सःशर्त अनुदान उपलव्ध गराइने स्थानीय निकायको छनौट गरी वित्तीय हस्तान्तरणको रुपमा बजेट विनियोजनको व्यवस्था मिलाइनेछ ।

तर चालू आ.व. २०७८/७९ मा सञ्चालन हुने पूर्वाधार निर्माण कार्यक्रम सोही आ.व.मा सूचना निकाली स्थानीय तहको छनौट गरी लागु गरिनेछ ।

(४) खेलकुदका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड अनुरुपका भौतिक संरचना निर्माण गराउन र देशभरका संरचनाहरुको सकभर एकरुपता कायम गराउन मन्त्रालयले नमूना डिजाइनहरु उपलब्ध गराउन सक्नेछ।

५. **खेलकुद पूर्वाधार निर्माण गर्नका लागि अनुदान प्राप्त गर्न निवेदन दिनु पर्नेः** [*](१) स्थानीय तहबाट स्वीकृत खेलकुद पूर्वाधार निर्माणको लागि रकम प्राप्त गर्न मन्त्रालय वा परिषद्‌मा अनुसूची-१ बमोजिमको आवेदन फाराम भरी पठाउनु पर्नेछ।

(२) आवेदन फारामका साथ खेलकुद पूर्वाधार निर्माणका लागि स्थान किटान गरी सो सम्बन्धी गुरुयोजनाको स्वीकृत[📖] ड्रइङ डिजाइन सहितको लगत इष्टिमेट संलग्न हुनु पर्नेछ।

[■](३) ... झिकिएको

---

📖 पहिलो संशोधनद्धारा थप।

*पहिलो संशोधनद्धारा संशोधित।

■ पहिलो संशोधनद्धारा झिकिएको (दुई वर्ष)।

*पहिलो संशोधनद्धारा संशोधित।

*पहिलो संशोधनद्धारा संशोधित।

📖 पहिलो संशोधनद्धारा थप।

📖 पहिलो संशोधनद्धारा थप।

*पहिलो संशोधनद्धारा संशोधित।

📖 पहिलो संशोधनद्धारा थप।

■ पहिलो संशोधनद्धारा झिकिएको।

६. **खेलकुद पूर्वाधार निर्माणको रकम स्थानीय तहलाई उपलब्ध गराउनु पर्नेः** *(१) नेपाल सरकारले स्थानीय तहमा खेलकुद पूर्वाधार निर्माण गर्न विनियोजन गरेको रकम मन्त्रालयले प्राप्त आवेदनका आधारमा सम्बन्धित स्थानीय तहलाई निर्णय बमोजिम अनुदान रकम वितरण गर्नेछ।

🕮(१क) उपदफा (१) बमोजिम दिइने अनुदान रकम मन्त्रालय वा परिषद्ले एकैपटक वा पटक-पटक गरी उपलब्ध गराउन सक्नेछ।

■(२)...झिकिएको

■(३)... झिकिएको

## परिच्छेद-४

## अनुगमन

७. **अनुगमन सम्बन्धी व्यवस्थाः** *(१) खेलकुद पूर्वाधार निर्माण कार्यको अनुगमन मन्त्रालय, परिषद् र स्थानीय तहबाट हुनेछ।

*(२) अनुगमन गर्ने निकायले अनुगमनको प्रतिवेदन मन्त्रालयमा बुझाउनु पर्नेछ।

*(३) अनुगमन प्रतिवेदन बमोजिमको कार्य सन्तोषजनक नभएको भन्ने देखिएमा मन्त्रालयले अनुगमन गराउन सक्नेछ।

*(४) उपदफा (३) बमोजिम मन्त्रालयले अनुगमन गराउँदा समेत कार्य प्रगति सन्तोषजनक नभएको देखिएमा मन्त्रालयले अनुदान रकम रोक्का गर्न सक्नेछ।

८. ■...झिकिएको

९. ■...झिकिएको

१०. ■...झिकिएको

## परिच्छेद-५

## लेखापरीक्षण गराउनु पर्ने

११. **अनुदान रकमको लेखापरीक्षणः** *(१) स्थानीय तहले खेलकुद पूर्वाधार निर्माणका लागि प्राप्त अनुदान रकमको लेखापरीक्षण प्रचलित कानून बमोजिम गराउनु पर्नेछ।

---

*पहिलो संशोधनद्धारा संशोधित।

🕮 पहिलो संशोधनद्धारा थप।

■ पहिलो संशोधनद्धारा झिकिएको।

■ पहिलो संशोधनद्धारा झिकिएको।

*पहिलो संशोधनद्धारा संशोधित।

*पहिलो संशोधनद्धारा संशोधित।

*पहिलो संशोधनद्धारा संशोधित।

*पहिलो संशोधनद्धारा संशोधित।

■ पहिलो संशोधनद्धारा झिकिएको।

■ पहिलो संशोधनद्धारा झिकिएको।

■ पहिलो संशोधनद्धारा झिकिएको।

(२) खेलकुद पूर्वाधार निर्माण कार्यको लेखापरीक्षण प्रतिवेदन स्थानीय तहले मन्त्रालय ...▪ र परिषद्मा पठाउनु पर्नेछ।

## परिच्छेद-६

## विविध

१२. **समिति गठन गर्न सक्नेः** स्थानीय तहले यस कार्यविधि बमोजिम खेलकुद पूर्वाधार निर्माण कार्य गर्न एक उपसमिति गठन गर्न सक्नेछ।

१३. **कार्यविधि कायम रहने अवधिः** यो कार्यविधि नेपाल सरकारबाट स्वीकृत भएको मितिले खेलकुद पूर्वाधार निर्माण कार्य सम्पन्न भई सञ्चालनमा रहेसम्म कायम रहनेछ।

१४. **प्रचलित कानून बमोजिम खर्च गर्नु पर्नेः** यस कार्यविधि बमोजिम स्थानीय तहले प्राप्त गर्ने अनुदानको रकम प्रचलित कानून बमोजिम खर्च गर्नु पर्नेछ।

१५. **अनुदानको रकम सदुप्रयोग गर्नु पर्नेः** स्थानीय तहले प्राप्त अनुदानको रकम आफ्नो खातामा बाँधी जुन प्रयोजनको लागि प्राप्त भएको हो, सोही प्रयोजनमा मात्र खर्च उपयोग गर्नु पर्नेछ।

📖१५क. **प्रगति प्रतिवेदन दिनु पर्नेः** (१) स्थानीय तहले खेलकुद पूर्वाधार निर्माणको प्रगति प्रतिवेदन वार्षिक रुपमा मन्त्रालय वा परिषद्लाई बुझाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रगति प्रतिवेदन नबुझाउने स्थानीय तहलाई अनुदान रकममा निरन्तरता दिन मन्त्रालय वा परिषद् बाध्य हुने छैन।

१६. **कार्य सम्पन्न प्रतिवेदन दिनु पर्नेः** स्थानीय तहले खेलकुद पूर्वाधार निर्माण सपन्न भएपछि सोको वार्षिक प्रतिवेदन मन्त्रालय र परिषद्मा बुझाउनु पर्नेछ।

१७. **कार्यविधि संशोधनः** यस कार्यविधिमा भएका व्यवस्थाहरु संशोधन गर्न आवश्यक देखिएमा मन्त्रालयले संशोधन गर्न सक्नेछ।

---

*पहिलो संशोधनद्धारा संशोधित।

▪ पहिलो संशोधनद्धारा झिकिएको।

📖 पहिलो संशोधनद्धारा थप।

## अनुसूची-१
(स्थानीय तहले दिने आवेदनको ढाँचा)

मितिः

विषयः खेल पूर्वाधार आयोजना सम्बन्धमा।

श्री युवा तथा खेलकुद मन्त्रालय,
सिंहदरबार, काठमाण्डौं।

महोदय,

प्रस्तुत विषयमा यस महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिकामा खेल पूर्वाधार विकासका लागि खेल पूर्वाधार विकासका लागि खेल पूर्वाधार विकास आयोजना आवश्यक परेकोले तपशिल बमिजिमको विवरण सहित यो आवेदन पेश गरिएको छ;

**तपशिलः**

१. खेल पूर्वाधार निर्माण स्थलः
जिल्ला- नगर/गाउँपालिका-
वडा- स्थानीय प्रचलित नाम-

२. प्रस्तावित खेल पूर्वाधार निर्माण गरिने जग्गाकोः
(क) क्षेत्रफल (ख) स्वामित्व

३. प्रस्तावित खेल आयोजनाको विवरणः
- 

४. प्रस्तावित आयोजनाको लागत अनुमान रकम रू.

५. खेल पूर्वाधार आयोजनाको कम्तिमा महानगरपालिका/उपमहानगरपालिकामा ७० प्रतिशत, नगरपालिकामा ६० प्रतिशत र गाउँपालिकामा ५० प्रतिशत रकम स्थानीय तहले व्यहोर्ने निर्णय मितिः
प्रमुख प्रशासकीय अधिकृतको नामः प्रमुखको नामः
हस्ताक्षरः हस्ताक्षरः
मितिः मितिः

६. प्रस्तावित खेल पूर्वाधार निर्माण गर्ने आर्थिक वर्षः

कार्यालयको छाप

**आवेदनका साथ संलग्न गर्नु पर्ने कागजातहरुः**

१. खेल पूर्वाधार निर्माणकालागि नगर/गाउँ कार्यपालिकाको निर्णय प्रमाणित प्रतिलिपि,
२. खेल पूर्वाधारहरुको डि.पि.आर वा ड्रइङ सहितको लागत इष्टिमेट,
३. खेल पूर्वाधार आयोजनाको कम्तिमा महानगरपालिका/उपमहानगरपालिकामा ७० प्रतिशत, नगरपालिकामा ६० प्रतिशत र गाउँपालिकामा ५० प्रतिशत रकम स्थानीय तहले व्यहोर्ने प्रतिबद्धता पत्र,
४. खेल पूर्वाधार निर्माण स्थलको जग्गाधनी पूर्जाको प्रतिलिपि,
५. निजी वा कुनै संस्थाको जग्गा भए कम्तिमा २० वर्ष प्रयोग गर्ने गरी गरिएको सम्झौताको प्रमाणित प्रतिलिपि,
६. 🕮छनौट गरिएको जग्गाको चारै कुनाबाट खिचिएको फोटो।

🕮 पहिलो संशोधनद्धारा थप।